# आ.ब. ०७७/०७८ को दोस्रो त्रैमासिक कार्तिक देखि पौष मसान्तसम्म सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी

र

नियमावली २०६५ को नियम ३ को प्रयोजनको लागि जारी गरिएको विवरण




प्रदेश सरकार

लुम्बिनी प्रदेश

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र, बाँके**

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बांके

टेलीफोन नं. : ०८१५२००२७
०८१५२०२२५
: ०८१५२६५४७
टोल फ्रि नं. १६६०८१५२०००

कृषि भवन
नेपालगञ्ज, बाँके

पत्र संख्या: ०७७/०७८
चलानी नं.

मिती:२०७७/१०/४

## दुई शब्द

सुचनाको हकलाई लोकतन्त्रको आधार स्तम्भको रुपमा लिने गरिन्छ। सूचनाको हक सम्बन्धी ऐन २०६४ ले सार्बजनिक निकायले आफ्नो निकाय संग संबन्धित सूचनाहरु अद्यावधिक राख्नु पर्ने र प्रत्येक ३/३ महिनामा सो निकाय संग संबन्धित बिभिन्न सुचनाहरु प्रकाशन गर्नुपर्ने ब्यवस्था गरे अनुसार कृषि ज्ञान केन्द्र बाँकेले आ.ब.२०७७/७८ को दोश्रो त्रैमासिक कार्तिक १ गते देखि पौष मसान्त सम्म संपादन भएका कार्यहरु र अन्य समसामयिक सूचना अद्यावधिक गरि स्वतःप्रकाशन गरिएको छ।

कृषि ज्ञान केन्द्र बाँकेबाट प्रदान गरिने सेवा प्रबाहलाई पारदर्शि र सरल बनाउन तथा सेवाग्राहीलाई सेवा लिन यस प्रकाशनले सहयोग गर्ने अपेक्षा लिइएको छ। यो प्रकाशनलाई आगामी दिनमा थप सूचनामुलक र उपयोगि बनाउन कृषि ज्ञान केन्द्र बाँके प्रयासरत छ। यस केन्द्रबाट हुने सेवा प्रबाहलाई चुस्त, प्रभावकारी र समय सापेक्ष बनाउन सरोकारवालाहरुबाट सुझावको अपेक्षा गरिएको छ।

१०।४

सागर ढकाल
प्रमुख
वरिष्ठ कृषि प्रसार अधिकृत

इमेल : akcbanke@gmail.com
वेबसाइट : www.akcbanke.gov.np

# बिषय सूचि


| बिषयबस्तु | पृष्ठ संख्या |
|---|---|
| १. पृष्ठभुमि | ३ |
| २. निकायको स्वरुप र प्रकृती | ४ |
| ३. उद्देश्यहरु | ४ |
| ४. रणनीतिहरु | ५ |
| ५. कृषि ज्ञान केन्द्रको कार्यजिम्मेबारी (TOR) | ५ |
| ६. कृषि ज्ञान केन्द्र बाँकेको संगठनात्मक संरचना | ७ |
| ७. जनशक्ति बिबरण | ७ |
| ८. कृषि ज्ञान केन्द्र, बांकेमा कार्यरत कर्मचारीहरुको विवरण | ८ |
| ९. निकायबाट प्रदान गरिने सेवा | ८ |
| १०. सेवा प्रदान गर्ने शाखा, जिम्मेबार ब्यक्ति, शुल्क र अवधी | ९ |
| ११. निर्णय गर्ने प्रकृया र अधिकारी | ११ |
| १२. निर्णय उपर उजुरी सुन्ने अधिकारी | ११ |
| १३. संपादन गरेको कामको बिवरण | ११ |
| १४. सूचना अधिकारी र प्रमुखको नाम र पद | १३ |
| १५. ऐन नियम बिनियम र निर्देशिकाको सूचि | १३ |
| १६. बजेट तथा खर्चको बिवरण | १४ |

## १. पृष्ठभुमि

बांके र बर्दिया कार्यक्षेत्र हुने गरि २०७५ भाद्र २८ गते कृषि ज्ञान केन्द्र, बाँकेको बिधिवत उद्घाटन भई साबिक जिल्ला कृषि बिकास कार्यालयको परिसरबाट कार्य प्रारम्भ भएकोहो । आ ब २०७७/७८ देखि बर्दिया जिल्लामा एकिकृत कृषि तथा पशुपक्षि विकास कार्यालय स्थापना भए संगै यस केद्रको कार्यक्षेत्र बाँके जिल्मा सिमित भएको हो ।

यस केन्द्रको कार्यक्षेत्र अन्तर्गतका अन्नको भण्डार मानिने पश्चिम तराईको बाँके जिल्लामा कृषि ब्यवसायिकरण तथा उत्पादन बृद्धिको प्रचुर संभावना रहेको छ । बाँके जिल्लामा ५७२५२ हे कुल खेति योग्य जमिन मध्ये ५२८३८ हे मा खेति गरिएको छ, जस मध्ये कुल सिंचित क्षेत्रफल १४५७३ हे (२७.५प्रतिशत) रहेको छ । जिल्लामा ३३,७६६ हे. मा बर्षभरि सिंचाई सुबिधा पुऱ्याउने लक्ष लिएको सिक्टा सिचाई आयोजना कार्यान्वयनमा रहेकोले यसको समापन पश्चात सिंचित क्षेत्रफलमा ब्यापक बृद्धि हुने देखिन्छ । सिंचाई सुबिधाको बिस्तार संगै यस जिल्लामा बसन्ते मकै, चैते धान, मुंग, मास, तरकारी आदी बालीहरु बाली प्रणालीमा समाबेश गर्दै बाली सघनता बिस्तार एवं उत्पादकत्व बृद्धि गर्न सकिने संभावना रहेको छ । जिल्लामा केही बिशिष्ट बस्तु उत्पादनको संभाब्यता रहेको छ, अंगुर तथा ड्युरम गहु यसका उदाहरण हुन ।

बाँके जिल्लाको केही भाग चुरे क्षेत्रमा रहेको र यसको उचाई ६१० मिटर देखि १२३६ मिटर सम्म फैलिएको छ भने बाकी समथर तराई भुभाग मध्य-समुद्र सतहबाट १२७ देखि ६१० मिटरको उचाईमा फैलिएको छ । चुरे पर्बत श्रंखला अन्रतगत हात्तिसार, कन्याडाडा, गाईलेक, देउराली आदी पर्दछन । चुरे भावर क्षेत्रमा चिसापानी, महादेवपुरी, कचनापुर, खासकुश्मा र बैजापुर पर्दछन भने बाँकी भुभाग तराई क्षेत्रमा पर्दछ । चुरे क्षेत्रमा शितोष्ण र तराई क्षेत्रमा उष्ण प्रकारको हावापानी पाईन्छ । जिल्लाको औषत सापेक्षिक आद्र्रता ७१.४ प्रतिशत छ ।

२०६८ को जनगणना अनुसार बाँके जिल्लामा परिबार संख्या ९४७७३, जम्मा जनसंख्या ४९१३१३, पुरुष २४४२५५ र महिला २४७०५८ रहेको छ । यस जिल्लामा ५ बर्ष उमेर माथिको जनसंख्याको साक्षरता प्रतिशत ६२.३९ प्रतिशत रहेको, पुरुषको साक्षरता ६९.९६ प्रतिशत र महिलाको ५४.९५ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औषत भन्दा केही कम हो । परिबार सदस्य संख्या राष्ट्रिय औषत (४.८८) भन्दा केही बढी अर्थात ५.६ रहेको छ । जनघनत्व २१० प्रति बर्ग किलोमिटर रहेको छ, सो २०५८ मा १६५ मात्र थियो । शहरी जनसंख्या १४.७६ प्रतिशत रहेको छ ।

## २. निकायको स्वरुप र प्रकृती

लम्बिनी प्रदेशको भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको यस केन्द्रले कृषि आधुनिकिकरण, यान्त्रीकरण र ब्यवसायिकरणका लागी बिभिन्न कार्यहरु गर्दै आएको छ । साबिक जिल्ला कृषि बिकास कार्यालयहरुको खारेजी पश्चात ब्यवसायिक उत्पादकहरु लाई बिज्ञ सेवा प्रवाह गर्न र स्थानीयतहका कृषि प्राबिधिकहरु लाई कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहजिकरण र क्षमता बिकासमा टेवापुऱ्याउने सन्दर्भमा कृषि ज्ञान केन्द्रको भुमिका महत्वपुर्ण ठानिएको छ ।

कृषि प्रधान देश नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका अति नै महत्वपूर्ण मानिएको छ । देशको ६०.४ प्रतिशत जनसंख्या कृषि पेशमा आवद्ध छन् । त्यसैगरी देशको कुल ग्रहस्त उत्पादनको २७ प्रतिशतमा कृषि क्षेत्रको योगदान छ । तर एक्काइसौ शताब्दीको आधुनिक युगमा आईपुग्दा पनि हाम्रो देशको खेती प्रणालीमा निर्वाहमुखी कृषि प्रणालीकै बाहुल्यता रहदै आएको छ । कृषि क्षेत्रको विकास गर्न रष्ट्रिय स्तरमा निर्माण भएका विभिन्न योजना, कार्यक्रम र नीति तथा नियमहरुलाई प्रभावकारी रुपमा कृषकहरु समक्ष पुर्याउने जिल्ला स्तरको सरकारी संरचना कृषि ज्ञान केन्द्र हो ।

लक्ष्यः कृषि क्षेत्रलाई प्रतिस्पर्धि, ब्यवसायिक र सम्मानजनक पेशाका रुपमा बिकास गर्ने ।

## ३. उद्देश्यहरु

- निर्बाहमुखि कृषि प्रणालीलाई ब्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु
- बाली बस्तुको मुल्य श्रृंखला बिकास
- कृषि क्षेत्रलाई सम्मानजनक र बिशिष्टिकृत ब्यवसायको रुपमा बिकास गर्नु
- कृषि उपजको उत्पादन लागत घटाई बजार प्रबर्धन गर्नु
- परम्परागत कृषि ज्ञान तथा जैबिक बिबिधताको संरक्षण तथा प्रबर्धन

## ४. रणनीतिहरु

- कृषि उपजको उत्पादन तथा उत्पादकत्व बृद्धि गरि खाद्य सुरक्षा र प्रतिस्पर्धात्मक क्षमता बिकास गर्ने ।
- कृषि क्षेत्रलाई लैंगिक मैत्री र समाबेशीकरणका साथै आधुनिकीकरण, ब्यवसायिकरण र औद्योगिकीरण गरि रोजगारी र आय बृद्धि गर्ने ।
- भुमिको खण्डिकरण रोकी कृषि भुमिको संरक्षणमा सहयोग गर्ने ।
- सहुलिएत कृषि ऋण र कृषि शिक्षाको पहुचमा अभिबृद्धि गर्ने ।
- कृषि प्रबिधी प्रसार प्रणालीलाई सवल र प्रभावकारी बनाउन कृषि अनुसन्धान र कृषि शिक्षासंगको समन्वय र साझेदारीका कार्यक्रमहरु संचालन गर्ने ।
- कृषि क्षेत्रबाट हुने युवा पलायन रोकि कृषिलाई आकर्षक र सम्मानित पेशाको रुपमा बिकास गर्ने ।
- रसायनिक मल तथा बिषादीको उचित प्रयोग गर्दै प्रांगारिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने ।
- किसानलाई कृषि उपजको उचित मुल्य प्रदान गर्न कृषि बजार प्रबद्र्धन गर्ने ।
- परम्परागत कृषि ज्ञान, सीप, प्रबिधीका साथै रैथाने बाली तथा जैबिक बिबिधतालाई संरक्षण र प्रबद्र्धन गर्ने ।
- ब्यवसायिक पुष्पखेति प्रबर्धन गर्ने ।

## ५. कृषि ज्ञान केन्द्रको कार्यजिम्मेबारी (TOR)

- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परिक्षण तथा भ्यालिडेसन परिक्षण संचालन गर्ने,
- माटो तथा मल, बाली संरक्षण र वीउविजन परिक्षण सम्बन्धिी सामान्य प्रयोगशाला सेवा,
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक तथा व्यवसायिक कृषक र व्यबसायीहरुको लागी कृषि पशुपंक्षीसंग सम्बन्धित विशिष्टीकृत ज्ञान शीप प्रदान गर्न एडभान्स तालिम संचालन गर्ने,
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा,

- प्रदेश अन्तगत संचालन हुने संघिय कृषि विकास कार्यक्रम, आयोजनाको समन्वय तथा सम्पर्क विन्दूको रुपमा कार्य गर्ने,
- प्रदेश सरकार मार्फत संचालन हुने कृषि विकास कार्यक्रम, आयोजना संचालनमा प्रदेश सरकारलाई सहयोग गर्ने,
- कृषि आर्थिक महत्वका स्थानिय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग गर्ने,
- कृषि अनुसन्धान परिषदको वाह्य अनुसन्धान स्थल (**Outreach sites**) को रुपमा कार्य गर्ने,
- वीउ विजन तथा उन्नत नश्लको लागी श्रोतकेन्द्रको रुपमा कार्य गर्ने,
- स्थानीय तह र कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धि कार्य,
- बहु स्थानीय तह समेटि कार्यान्वयन हुने संघिय आयोजनाहरुको संचालन र नियन्त्रण,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तगत कमाण्ड क्षेत्र भित्रका पकेट, व्लक, जोन तथा सुपरजोनहरुको लागी प्राविधिक सेवा टेवा,
- एग्री इकोलोजिकल जोन अनुसारको प्राथमिकता प्राप्त बाली बस्तु विकासको योजना, मूल्य अभिबृद्धि श्रृंखला विकास तथा कार्यान्वयनको समन्वय
- कृषि स्नातक तथा जे.टी./जे.टी.ए. कोष अध्ययनरत विद्यार्थीहरुका लागी इन्टनसिप कार्यक्रम संचालन गर्ने,
- स्थानीय तहका कृषि विकासका इकाईहरुबाट कृषि सम्बन्धि तथ्यांक संकलन तथा अध्यावधिक गर्ने साथै संकलित तथ्यांक प्रदेश र संघिय तालुक निकायहरुमा पठाउने
- आफ्नै कमाण्ड क्षेत्रभित्र कृषि उद्यम तथा व्यवसाय संचालन गर्न चाहनेहरुको लागी व्यवसाय विकास सेवा उपलव्ध गराउने,
- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने ।

## ६. कृषि ज्ञान केन्द्र बाँकेको संगठनात्मक संरचना

**प्रमुख**

**राजपत्राकिंत द्वितीय (कषि/समहकत नहने- १**

| बिशेषज्ञ सेवा शाखा | अध्यान परिक्षण तथ्यांक शाखा | तालिम तथा प्रसार शाखा | प्रशासन फंट |
|---|---|---|---|
| बागबानी बिकास अधिकृत, रा.प.तृ./कृषि/बागबानी - १<br>बाली संरक्षण अधिकृत, रा.प.तृ./कृषि/बाली संरषण - १<br>बाली बिकास अधिकृत, रा.प.तृ./कृषि/बाली बिकास - १<br>कृषि प्रसार अधिकृत, रा.प.तृ./कृषि/कृषि प्रसार - १<br>प्राबिधिक सहायक, रा.प.अनं.प्र./कृषि/बागबानी - १ | कृषि अर्थ बिज्ञ,रा.प.तृ.(कृषि/एग्री इको - १<br>प्राबिधिक सहायक,रा.प.अनं.प्र./कृषि/बाली संरक्षण-१ | कृषि प्रसार अधिकृत, रा.प.तृ./कृषि/कृषि प्रसा-२<br>प्राबिधिक सहायक, रा.प.अनं.प्र./कृषि/प्रसार - १ | लेखापाल,रा.प.अनं. प्र.(प्रशासन लेखा- १<br>खरिदार,रा.प.अनं.द्वि (प्रशासन/सा.प्र.-१<br>हलुका सवारी चालक, श्रेणी बिहिन-१<br>कार्यालय सहयोगी, श्रेणी बिहिन-३ |

## ७. जनशक्ति बिबरण

| सि.नं. | पदको स्तर | स्वीकृत दरबन्दी | पद पुर्ति | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १ | **प्राविधिक तर्फ** | | | | |
| | रा.प.द्वि.प्रा. | १ | १ | | |
| | रा.प.तृ.प्रा. | ७ | ६ | १ | |
| | रा.प.अनं.प्र.प्रा. | ३ | ३ | | |
| २ | **प्रशासन शाखा** | | | | |
| | लेखा पाल | १ | १ | | |
| | रा.प.अनं.द्वि. | १ | | | |
| | सवारी चालक | १ | १ | | |
| | का.स. | ३ | ३ | | |
| **जम्मा** | | **१७** | **१६** | **१** | |

## ८. कृषि ज्ञान केन्द्र, बांकेमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम, थर | पद | घर ठेगाना | मोबाईल नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | सागर ढकाल | प्रमुख | बांसगढी न.पा. - ९, बर्दिया | ९८५८०४००२७ | dhakalsr@yahoo.com |
| २ | शकिल अमहद | बाली संरक्षण अधिकृत | नेपालगन्ज उ.न.पा. - १४, बांके | ९८४८०४६३८३ | shakeelahamad298@gmail.com |
| ३ | जविन कुमार के.सी. | कृषि अर्थ विज्ञ | नेपालगंज १२, बांके | ९८४८२७३०३५ | jiwankumarkc7@gmail.com |
| ४ | अनिल कुमार मिश्र | कृषि प्रसार अधिकृत | यशोधरा गा.पा. ५, कपिलबस्तु | ९८११४२२०४३ | |
| ५. | मनोज कुमार सिंह | कृषि प्रसार अधिकृत | लमही न.पा. - ५, दांङ | ९८४७९८३३३३ | aeomanojks@gmil.com |
| ६. | शारदा ज्ञवाली | कृषि प्रसार अधिकृत | नेपालगन्ज उ.न.पा. - १०, बांके | ९८४८०२५३४१ | sharada25351@gmail.com |
| ७. | शम्भु नाथ | बागवानी बिकास अधिकृत | नेपालगन्ज उ.न.पा. - १९, बांके | ९८४८३०१२३६ | nath.shamvu2018@gmail.com |
| ८. | रिक्त | बाली विकास अधिकृत | | | |
| ९ | मोहम्मद आफाक अहमद खां | लेखापाल | खजुरा गा.पा. ८, बांके | ९८६०३३१२१७ | AaFaqk220@gmail.com |
| १० | टुकाराम वली | सहायक (पांचौ स्तर) | शान्तीनगर गा.पा.-५, दांङ | ९८४४९३७०३७ | tukaramoli@gmail.com |
| ११ | खेमराज चौधरी | ह.स.चा.(पांचौ) | राप्ती सोनारी गा.पा.-४, बांके | ९८४८०२६८९१ | |
| १२ | क्वारी बस्नेत | का.स. (पांचौ स्तर) | नेपालगन्ज उ.न.पा. - १०, बांके | ९८४४८५६८९९ | |
| १३ | जगतराम गोडिया | का.स. (पांचौ स्तर) | नेपालगन्ज उ.न.पा. - २२ बांके | ९८४८२५१३४० | |
| १४ | जनक बहादुर नाथ | का.स. (करार) | कोहलपुर  बांके | ९८६७०९४४०१ | |

## ९. निकायबाट प्रदान गरिने सेवा

यस केन्द्रबाट कृषि उत्पादन र ब्यवसायिकरणका लागि प्राबिधिक परामर्श स्थलगत तालिम प्रबिधी हस्तान्तरणका लागि आर्थिक अनुदान सहितको उत्पादन तथा बजारीकरण प्रबर्धन कार्यक्रम लगायतका सेवा प्रबाह हुने गरेको छ ।

## १०. सेवा प्रदान गर्ने शाखा, जिम्मेबार ब्यक्ति, शुल्क र अवधी

| क्र.सं. | सेवाको प्रकार | सेवाग्राहीले पुरयाउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने | | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी, शाखा, फाँट | कोठा नं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | शुल्क (दस्तुर) रु. | समयावधि | | | |
| १ | कृषि उत्पादन तथा ब्यवस्थापन संबन्धि प्राविधिक | मौखिक सोधपुछ वा नमूना (रोगकीरा लागेको बाली, बोट वा अन्य) उपलब्ध गराउनुपर्ने | निःशुल्क | तत्काल / स्थलगत प्राबिधीक सेवा ३ दिन | तालिम तथा प्रसार शाखा<br>विशेषज्ञ सेवा शाखा<br>अध्ययन परिक्षण तथा तथ्यांक शाखा | १०२, १०३, १०४, २०६, २०७ | |
| २ | कृषि ब्यवसाय संचालनका लागी अनुदान माग | सम्बन्धित सूचनामा माग भएअनुसारका कागजातहरु | निःशुल्क | सूचनामा तोकिए अनुसार | सूचनामा तोकीए अनुसार | | |
| ३ | ब्लक विकास कार्यक्रम संचालन | सम्बन्धित सूचनामा माग भएअनुसारका कागजातहरु | निःशुल्क | सूचनामा तोकिए अनुसार | विशेषज्ञ सेवा शाखा<br>बागबानी विकास अधिकृत | २०६ | |
| ४ | बीउ बिजन उत्पादन वा खरिद बिक्रि वितरण अनुमतिपत्र | १. नियमावलीको अनुसूची-९ बमोजिमको निबेदन<br>२. नेपाली नागरिकताको प्रतिलिपि<br>३. निवेदकको दुइ प्रति पासपोर्ट साइजको फोटो<br>४. कुनै संस्थाको तर्फबाट अनुमतिपत्र प्राप्त गर्न चाहेको भए त्यस्तो संस्थाको तर्फबाट दिइएको अख्तियारीपत्र, संस्था दर्ताको प्रमाणपत्र, पान दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>५. निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि | रु. ४००\|- | ६ कार्य दिन | बागबानी विकास अधिकृत तथा कृषि प्रसार अधिकृत | २०६ र १०२ | |

| क्र.सं. | सेवाको प्रकार | सेवाग्राहीले पुरयाउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने | | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी, शाखा, फाँट | कोठा नं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | शुल्क (दस्तुर) रु. | समयावधि | | | |
| | | ६. बीउबिजन उत्पादन तथा व्यवस्थापन सम्बन्धि तीन दिने अभिमुखीकरण तालिमको प्रमाणपत्रको प्रतिलिपि | | | | | |
| ५ | बीउबिजन बिक्रेता अनुमतिपत्र नविकरण | १. अनुमतिपत्र नबिकरण सम्बन्धि निबेदन<br>२. निर्देशिकाको अनुसूची ११ बमोजिम कार्यालयमा पेश गरिएको बीउ बिजनको वार्षिक कारोबारको विवरण | रु. २००।- | ३ कार्य दिन | ऐ ऐ | ऐ ऐ | |
| ६ | कृषि संबन्धि तालिम माग | निबेदन तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपी | निःशुल्क | पहिला आउनेलाई प्राथमिकताका आधारमा | कृषि प्रसार तथा तालिम शाखा | १०२ | |
| ७ | कृषि बजार ब्यवस्थापन सेवा | संबन्धित संस्थाको पत्र/मौखिक सोधपुछ | निःशुल्क | तत्काल / नियमित | अध्ययन परिक्षण तथा तथ्यांक शाखा | १०३ | |
| ८ | आकस्मिक बाली संरक्षण सेवा | निबेदन तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपी | निःशुल्क | २ दिन | बालि संरक्षण अधिकृत | २०७ | |
| ९ | आर्थिक प्रसाशन संबन्धि सेवा | संबन्धित संस्थाको पत्र/मौखिक सोधपुछ | निःशुल्क | बढिमा ३ दिन | लेखापाल | १०६ | |
| १० | दैनिक प्रसाशनिक सेवा तथा सोधपुछ | संबन्धित संस्थाको पत्र/मौखिक सोधपुछ | निःशुल्क | बढिमा ३ दिन | प्रशासन सहायक | १०५ | |

## ११. निर्णय गर्ने प्रकृया र अधिकारी

- दैनिक कार्य संपादन संबन्धमा संबन्धित शाखा प्रमुख । जिम्मेबार ब्यक्ति संगको परामर्शमा कार्यालय प्रमुखले निर्णय गर्ने ।
- कार्यक्रम तथा संगठन संग संबन्धित बिषयमा स्टाफ मिटिंगबाट निर्णय हुने गरेको ।
- तोकिएका कार्यक्रम संचालनका लागी सूचना प्रकाशन मुल्यांकन आवेदकको छनौट जस्ता बिषयमा संबन्धित कार्यबिधीमा ब्यवस्था भए अनुसार कार्यक्रम ब्यवस्थापन समितीबाट निर्णय हुने ।

## १२. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- गुनासो सुन्ने अधिकारी (हाल कृषि अर्थ बिज्ञ लाई तोकिएको) ले उजुरी सुन्ने र ब्यवस्थापनका लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने गरेको ।

## १३. संपादन गरेको कामको बिवरण

यस अवधीमा तपशिल अनुसारका कार्यहरु संपादन भएका छन ।

१. निर्माणाधिन कार्यालय भवनः निर्माणाधिन कार्यालय भवन को दोश्रो तला ढलान कार्य भएको ।

२. फर्निचर तथा अन्य सामाग्री खरिदः कार्यालयका लागी आवश्यक फर्निचर तथा अन्य सामाग्री खरिद भएको ।

३. गोष्ठि तथा तालिमः स्थलगत अभिमुखिकरण तालिम १ बिषादी तथा बीउ बिजन बिक्रेताका लागी तालिम १. संपन्न भएको । स्थानीय तहका कृषि प्राबिधिक संग अन्तर्कृया गोष्ठि १ स्थानीय तह संग समन्वयात्मक गोष्ठि १ बैंक तथा बिमा कंपनि संग सुलभ कर्जा संबन्धि अन्तरकृया गोष्ठि १ तथा स्मार्ट कृषि गाँउको प्रगति समिक्षा तथा योजना तर्जुमा गोष्ठी १ संपन्न भएको ।

४. अनुगमनः बाँके तथा बर्दिया जिल्लामा चालु आ व तथा गत आ ब मा संचालित कार्यक्रमको अनुगमन गरिएको ।

५. बल्क एस एम एस सेवाको सुरुवात गरिएको ।

६. कृषि विकास कार्यक्रमहरुको सुचना प्रकाशन स्थलगत प्रमाणिकरण तथा संझौता ।

| सि नं | कार्यक्रम | सुचना प्रकाशन | स्थलगत प्रमाणिकरण | संझौता | कैफियत |
|---|---|---|---|---|---|
| १ | च्याउ ग्राम स्थापना कार्यक्रम | | | भएको | |
| २ | अभियानमुखि लसुन तथा प्याज | | | भएको | |

| सि नं | कार्यक्रम | सुचना प्रकाशन | स्थलगत प्रमाणिकरण | संझौता | कैफियत |
|---|---|---|---|---|---|
| | उत्पादन कार्यक्रम | | | | |
| ३ | आयमुलक कृषि बन प्रबर्धन कार्यक्रम | भएको | | | |
| ४ | स्मार्ट कृषि गाँउ कार्यक्रम | | | भएको | |
| ५ | रोड करिडर/राजमार्ग लक्षित तथा मिसन (आलु र मकै बाली) कार्यक्रम | | भएको | | तेश्रो पटक सूचना प्रकाशन भएको |
| ६ | गाभर भ्यालि प्राँगारिक कृषि पर्यटन प्रबर्धन कार्यक्रम | | | भएको | |
| ७ | ब्लक बिकास कार्यक्रम | | भएको | | पुनः सूचना प्रकाशन भएको |
| ८ | बजारमुखि धान उत्पादन प्रबर्धन कार्यक्रम | भएको | | | |
| ९ | सामुदायिक वीउ बैंक/ भण्डार गृह/ नश्ल संरक्षण केन्द्र सहयोग कार्यक्रम | भएको | | | |
| १० | सामाजिक परिचालनका लागि संघ संस्थाहरु सँगको सहकार्यमा कार्यक्रम सञ्चालन | भएको | | | |
| ११ | मौरीचरन क्षेत्र विस्तार कार्यक्रम | भएको | | | |
| १२ | शहरी तरकारी आत्मनिर्भर कार्यक्रम | | भएको | | पुनः सूचना प्रकाशन भएको |
| १३ | मौरी विकास कार्यक्रम | | | भएको | |
| १४ | फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम | | | भएको | पुनः सूचना प्रकाशन भएको |
| १५ | रंथाने बाली उत्पादन तथा प्रबर्धन कार्यक्रम | | | भएको | पुनः सूचना प्रकाशन भएको |
| १६ | खाद्यान्न बीउ प्रसोधन तथा भण्डारण पुर्वाधार निर्माण | भएको | | | |
| १७ | स्थानीय तहको साझेदारीमा करार खेति कार्यक्रम | भएको | | | |

## १४. सूचना अधिकारी र प्रमुखको नाम र पद

| सि नं | जिम्मेबारी | नाम | पद | संपर्क नं |
|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | सागर ढकाल | प्रमुख बरिष्ठ कृषि प्रसार अधिकृत | ९८५८०४००२७ |
| २ | सूचना अधिकारी | शकील अहमद | बाली संरक्षण अधिकृत | ९८४८०४६३८३ |

## १५. ऐन नियम बिनियम र निर्देशिकाको सूचि

**ऐनहरु**

१. बीउ बिजन (पहिलो संसोधन) ऐन, २०६४

२. जिवनासक बिषादी ब्यवस्थापन ऐन, २०७६

**नियमावलीहरु**

१.बीउ बिजन नियमावली, २०६९

**निर्देशिकाहरु**

**कार्यबिधीहरु**

- कृषि क्याम्पसको सहकार्यमा कृषि प्रबर्धन कार्यक्रम सञ्चालन बिधी, २०७७
- जिल्लास्तर कृषि विकास कार्यक्रम संचालन बिधी, २०७७
- कोशेली घर स्थापना सञ्चालन बिधी, २०७७
- रोड करिडर/राजमार्ग लक्षित तथा मिसन (आलु र मकै बाली) कार्यक्रम संचालन बिधी, २०७७
- सुलभ कर्जा सहजिकरण तथा ब्याजमा अनुदान कार्यक्रम सञ्चालन (पहिलो संसोधन) कार्यबिधी, २०७७
- स्थानीय तहको सहकार्यमा करार खेति कार्यक्रम सञ्चालन (पहिलो संसोधन) कार्यबिधी, २०७७
- आयमुलक कृषि बन प्रबर्धन कार्यक्रम सञ्चालन कार्यबिधी, २०७६
- फलफूल बिरुवा रोपण अभियान कार्यक्रम सञ्चालन कार्यबिधी, २०७६
- स्मार्ट कृषि गाँउ कार्यक्रम संचालन कार्यबिधी, २०७६

- च्याउ ग्राम स्थापना कार्यक्रम कार्यान्वयन बिधी २०७६
- अभियानमुखि लसुन तथा प्याज उत्पादन कार्यक्रम सञ्चालन कार्यबिधी, २०७६
- कृषि क्षेत्रमा हरित स्वयंसेवक विकास तथा परिचालन कार्यबिधी, २०७६
- कृषि पर्यटन प्रबर्धन मार्फत आय आर्जनमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यबिधी, २०७५
- प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७
- कृषि तथा पशु बिषय अध्ययन गरेका युवाहरुलाई यद्यमशिलता विकास कार्यक्रम संचालन कार्यबिधी २०७६
- उत्पादन प्रबर्धनमा आधारित कृषक सहयोग कार्यक्रम सञ्चालन कार्यबिधी २०७६
- ओ जे टी  परिचालन कार्यक्रम संचालन प्रकृया २०७६
- स्मार्ट कृषि गाँउ सहयोगि कार्यक्रम सञ्चालन बिधी २०७६
- आकस्मिक बाली संरक्षण कार्यक्रम सञ्चालन कार्यबिधी २०७५
- प्रांगारिक कृषि प्रबर्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यबिधी २०७५

## १६. बजेट तथा खर्चको बिवरण

| क स | ब उ शि नं | कार्यक्रम | कुल बजेट | पौष मसान्त सम्मको खर्च | बाकी बजेट |
|---|---|---|---|---|---|
| १ | ३१२०१०१६३ | साधारण चालु | १३९८४००० | ६०८५४९७.४ | ७८९८५०२.६ |
| २ | ३१२०१०१६४ | साधारण पुजिगत | २६१४४००० | ८८७९५७५.४ | १७२६४४२५ |
| ३ | ३१२०००१२३ | खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | ४०५४०००० | १८१९८१ | ४०३५८०१९ |
| ४ | ३१२०००१७३ | अभियानमुखि मिसन कृषि तथा पशुपंक्षी कार्यक्रम | १९३५०००० | १५०२५० | १९१९९७५० |
| ५ | ३१२०००१८३ | कृषि तथा पशुपन्छि स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | १०२११००० | ७३७४५२ | ९४७३५४८ |
| ६ | ३१२००१२०३ | कृषि तथा पशुपन्छि स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | ५०००० | ० | ५०००० |
| ७ | ३१२०००१८४ | भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय(संघ शसर्त अनुदान) | २१२५०००० | २०२२६५ | २१०४७७३५ |
| जम्मा | | | १३१५२९००० | १६२३७०२१ | ११५२९१९७९ |

सन्दर्भ सूचि


- बाँके जिल्लाको गाँउपालिका नगरपालिका प्रोफाईल, २०७४, तथ्यांक कार्यालय नेपालगंज, बाँके ।
- बार्षिक कार्यक्रम तथा तथ्यांक पुस्तिका (आ ब २०७५।७६), २०७६, कृषि ज्ञान केन्द्र, नेपालगंज, बाँके ।